कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः७९
शुक्रबार, ३० असोज २०८३
(Friday, 16 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा



हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

दसैँ आयो, फर्केनन् उनीहरू



सन्तोष दहित

दाङ, २९ असोज

गत भदौ ९ गते रसुवाबाट अरूण चौधरीले तुलसीपुर उपमहानगरपालिका-१५, दक्षिण कुरहरियास्थित बुवा चिन्तबहादुर चौधरीसँग फोनमा कुरा गर्दै दसैँमा घर आउने सुनाउनुभएको थियो। छोराले चाडपर्वमा घर फर्किने खबर सुनाएपछि परिवारमा खुसी छाएको थियो तर भोलिपल्ट बिहान करिब ८:०० बजे 'म अफिस गएँ' भन्ने सन्देश पठाउनुभएका अरूण त्यसपछि परिवारको सम्पर्कमा आउनुभएको छैन।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले अरूणलाई बेपत्ता बनायो। रसुवास्थित लाङटाङ हाइड्रोपावरको विद्युतीय इन्जिनियरिङ शाखामा तीन वर्षदेखि कार्यरत अरूणको अवस्था त्यसयता अज्ञात छ। दसैँमा छोरालाई घरमा स्वागत गर्ने प्रतीक्षामा रहनुभएका चिन्तबहादुरको यस पटको दसैँ छोराको चिन्तामै बित्ने भएको छ।

छोराको खोजीमा चिन्तबहादुर चितवन, धादिङ, नुवाकोट र काठमाडौँसम्म पुग्नुभयो। विभिन्न अस्पताल र होल्डिङ सेन्टरमा खोजी गर्नुभयो तर कतैबाट पनि छोराको अवस्थाबारे जानकारी पाउनुभएन। अन्ततः सरकारले आग्रह गरेपछि उहाँले डिएनए परीक्षणका लागि नमुना दिनुभयो। त्यसको नतिजासमेत अहिलेसम्म आएको छैन।

चिन्तबहादुरले भन्नुभयो, "छोरालाई कतै भेटिन्छ कि भनेर धेरै ठाउँमा खोज्यौँ तर भेटिएन। अहिले पनि कतै आइहाल्छ कि भनेर बाटो हेरिरहेका छौँ। गाउँघरमा दसैँको चहलपहल छ। हामीलाई न दसैँ आएको छ न छोराको अत्तोपत्तो छ।" घरको एक्लो छोरा बेपत्ता भएपछि चिन्तबहादुरको परिवार शोक र अन्योलमा छ। छोराको अवस्था थाहा नहुँदा परिवारका सदस्य सामान्य दिनचर्यामा समेत फर्कन सकेका छैनन्। लामो समयसम्म खोजी गर्दा पनि कुनै जानकारी नपाएपछि परिवार थप निराश बनेको छ। चिन्तबहादुरका अनुसार डिएनए परीक्षणका लागि नमुना दिएपछि प्रशासन वा सरकारबाट थप जानकारी आएको छैन। उहाँले छोराको अवस्था पुष्टि गर्ने कुनै आधार नपाएपछि परिवारले दसैँपछि सामाजिक संस्कार अनुसार अन्त्येष्टि गर्ने तयारी गरेको बताउनुभयो।

तुलसीपुर उप-महानगरपालिका-१२, हरिपौरीकी रिता चौधरीको परिवारको अवस्था पनि उस्तै छ। भोटेकोशी बाढीमा बेपत्ता भएका भाइ बजारु चौधरी र भाइबुहारी सीमा चौधरी फर्केर आउलान् कि भन्ने आसमा उहाँको परिवार छ। रसुवास्थित भन्सार कार्यालयमा १२ वर्षदेखि कार्यरत बजारु र उहाँकी श्रीमती सीमा दसैँमा घर आउने तयारीमा हुनुहुन्थ्यो। बाढी आउनुअघि दिदी रितासँग फोनमा कुरा गर्दै उहाँहरूले दसैँमा भेट्ने बताउनुभएको थियो तर भदौ १० गते भोटेकोशीमा आएको बाढीले उहाँहरू सवार बस बगाएपछि दम्पती सम्पर्कविहीन हुनुभयो।

बसमा सवार बजारु र सीमासहित अन्य यात्रुको अवस्थाबारे अहिलेसम्म कुनै जानकारी प्राप्त भएको छैन। भाइबुहारीको खोजीमा आफन्त नुवाकोट, धादिङ, काठमाडौँ र चितवनसम्म पुगे। अस्पताल तथा सम्भावित स्थानमा खोजी गर्दा पनि उनीहरूको अवस्था पत्ता लागेन। त्यसपछि परिवारले डिएनए परीक्षणका लागि नमुना दिएको छ तर परीक्षणको नतिजा नआउँदा परिवारले कुनै निष्कर्ष निकाल्न सकेको छैन। रिताका छोरा तिलक चौधरीका अनुसार बजारु र सीमाका दुई सन्तान छन्।

बाँकी ३ पृष्ठमा







मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

जनताको वास्तविक शासन



लोकतन्त्र/प्रजातन्त्र भनेको केवल जनताले मतदान गरेर सरकार बनाउनु मात्र होइन। लोकतन्त्रको वास्तविक अर्थ त्योभन्दा धेरै व्यापक, गहिरो र जीवनसँग जोडिएको छ। लोकतन्त्र स्वतन्त्रता हो, खुसी हो, सम्मान हो, प्रगति हो र मानिसले आफ्नो जीवन आफ्नै विवेक अनुसार बाँच्न पाउने अवस्था हो। लोकतन्त्रको सार मानिसले आफूलाई आफ्नै शासनको हिस्सेदारका रूपमा अनुभूति गर्नु हो। आफूले चुनेको शासक जनताकै प्रतिनिधि हो, राज्य जनताकै हो र सरकार जनताकै हितका लागि काम गर्छ भन्ने विश्वास लोकतन्त्रको आधार हो। जनताले निर्वाचनमा मत हाल्न पाउनु लोकतन्त्रको महत्वपूर्ण पक्ष हो तर मतदानपछि जनताको आवाज हराउँछ भने त्यसलाई पूर्ण लोकतन्त्र भन्न सकिँदैन। लोकतन्त्रको सफलता निर्वाचनमा मात्र होइन, जनताको दैनिक जीवनमा स्वतन्त्रता, सुरक्षा, सम्मान, न्याय र खुसीको अनुभूति कति छ भन्ने कुरामा निर्भर हुन्छ।

लोकतन्त्रलाई प्रायः निर्वाचन, राजनीतिक दल, संसद् र सरकार निर्माणको प्रक्रियाका रूपमा बुझ्ने गरिन्छ तर यी लोकतन्त्रका माध्यम हुन्, सम्पूर्ण लोकतन्त्र होइनन्। लोकतन्त्रको वास्तविक उद्देश्य मानिसलाई भय, अन्याय, दमन र पराधीनताबाट मुक्त गर्नु हो। मानिसले आफ्नो विचार व्यक्त गर्न, प्रश्न सोध्न, असहमत हुन, आफ्नो क्षमता विकास गर्न र सम्मानपूर्वक जीवन बिताउन पाउनु पर्छ। नागरिकले सरकारको प्रशंसा गर्न पाउँछन् भने आलोचना गर्न पनि पाउनु पर्छ। सरकारको समर्थन गर्नु प्रजातान्त्रिक अधिकार हो भने सरकारका गलत कामको विरोध गर्नु पनि उत्तिकै प्रजातान्त्रिक अधिकार हो। जहाँ प्रश्न सोध्न डराउनु पर्छ, सत्य बोल्दा सजायको भय हुन्छ र सत्ताको आलोचना गर्दा अपमानित हुनु पर्छ, त्यहाँ लोकतन्त्रको आत्म कमजोर भएको हुन्छ। त्यसैले लोकतन्त्रलाई केवल शासनप्रणालीका रूपमा होइन, स्वतन्त्रता र मानवीय मर्यादामा आधारित जीवनपद्धतिका रूपमा बुझ्न आवश्यक छ।

लोकतन्त्र भनेको अँध्यारो होइन, उज्यालो हो; निराशा होइन, आशा हो; डर होइन, निर्भयता हो; अपमान होइन, सम्मान हो। लोकतन्त्रको नाममा नागरिकले दुःख, असुरक्षा र निराशा मात्र प्राप्त गर्छन् भने लोकतन्त्रको वास्तविक अर्थमाथि प्रश्न उठ्नु स्वाभाविक हो। जनताले लोकतन्त्रबाट सुखी जीवन, समान अवसर, न्यायपूर्ण समाज र भविष्यप्रतिको आशा खोज्छन्। लोकतन्त्रले मानिसलाई आफ्नो जीवनका निर्णयमा सहभागी हुन, आफ्नो क्षमता विकास गर्न र समाजको प्रगतिमा योगदान दिन अवसर दिनु पर्छ। त्यसैले लोकतन्त्रको मूल्याङ्कन सरकार कति पटक परिवर्तन भयो भन्ने आधारमा मात्र होइन, जनताको जीवनमा कस्तो परिवर्तन आयो भन्ने आधारमा गर्नु पर्छ। फ्रान्सेली राजनीतिक दार्शनिक जाँ-जाक रुसोले प्रजातान्त्रिक चिन्तनमा सामान्य इच्छाको महत्वपूर्ण अवधारणा प्रस्तुत गरेका छन्। रुसोको विचारमा वैध राजनीतिक सत्ता जनताको सामूहिक इच्छासँग सम्बन्धित हुनु पर्छ। राज्यको शासन केही व्यक्तिको निजी स्वार्थ पूरा गर्नका लागि होइन, सम्पूर्ण समुदायको साझा हितका लागि सञ्चालन हुनु पर्छ। सामान्य इच्छा भनेको व्यक्तिका सबै व्यक्तिगत चाहनाको साधारण जोड मात्र होइन; समाजको साझा हित र सामूहिक भलाइतर्फ उन्मुख इच्छाको अवधारणा हो।

लोकतन्त्रमा बहुमतको महत्व भए पनि बहुमतले जे चाह्यो, त्यही नै सधैँ लोकतन्त्र हुन्छ भन्ने होइन। बहुमतको निर्णयले अल्पमतको अधिकार, व्यक्तिगत स्वतन्त्रता र मानवीय मर्यादा समाप्त गर्न पाउँदैन। अमेरिकी राजनीतिक वैज्ञानिक रोबर्ट ए. डाहलले लोकतन्त्रसम्बन्धी आफ्नो चिन्तनमा राजनीतिक सहभागिता, प्रभावकारी सहभागिता, सूचित समझदारी, समान मताधिकार र नागरिकको नियन्त्रणलाई महत्व दिएका छन्। लोकतन्त्र जनताको इच्छा सुन्ने प्रक्रिया मात्र होइन, त्यो इच्छालाई शासन सञ्चालनमा प्रभावकारी रूपमा प्रतिविम्बित गर्ने व्यवस्था पनि हो।

लोकतन्त्रमा कानुनको सर्वोच्चता अनिवार्य हुन्छ तर कानुन बनाउनु मात्र पर्याप्त हुँदैन; कानुनको निष्पक्ष कार्यान्वयन पनि उत्तिकै आवश्यक हुन्छ। संविधानमा समानताको व्यवस्था हुनु, कानुनले सबै नागरिकलाई समान अधिकार दिनु र राज्यका निकायलाई उत्तरदायी बनाउनु महत्वपूर्ण उपलब्धि हुन् तर व्यवहारमा शक्तिशाली व्यक्तिले कानुन छल्न पाउने र सामान्य नागरिकले न्याय पाउन बर्सौं कुर्नुपर्ने अवस्था रह्यो भने कानुनी समानताको वास्तविक अर्थ कमजोर हुन्छ। लोकतन्त्रमा कानुन कुनै व्यक्ति, दल वा सरकारको निजी सम्पत्ति होइन। कानुन सबैका लागि समान हुनु पर्छ। सरकार कानुनभन्दा माथि हुँदैन, राजनीतिक दल राज्यभन्दा ठुलो हुँदैन र शासक जनताभन्दा विशेष अधिकार प्राप्त व्यक्ति होइन। जनताले निर्माण गरेको संवैधानिक व्यवस्था अनुसार राज्य सञ्चालन हुनु र राज्यका सबै निकायले आफ्नो अधिकारको सीमाभित्र रहेर काम गर्नु प्रजातान्त्रिक शासनका आधारभूत सर्त हुन्। लोकतन्त्रको अर्को महत्वपूर्ण पक्ष भनाइ र गराइबिचको समानता हो। चुनावअघि जनतालाई ठुला आश्वासन दिने तर सत्तामा पुगेपछि ती आश्वासन बिर्सने राजनीतिक संस्कारले लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाउँछ। भ्रष्टाचारविरुद्ध भाषण गर्ने तर भ्रष्टाचारमा संलग्न व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले प्रजातान्त्रिक नैतिकतालाई चोट पुऱ्याउँछ। पारदर्शिताको वकालत गर्ने तर निर्णय प्रक्रियालाई गोप्य राख्ने व्यवहारले जनताको विश्वास जित्न सक्दैन। लोकतन्त्रमा सत्य बोल्नु, जिम्मेवारी पूरा गर्नु, गल्ती स्वीकार गर्नु र कानुन अनुसार कारबाही गर्नु आवश्यक हुन्छ। लोकतन्त्रको नाममा झुट, छलकपट र दोहोरो मापदण्डलाई सामान्य मान्न थालियो भने प्रजातान्त्रिक संस्थाहरू बाहिरबाट कायम रहे पनि तिनको नैतिक आधार कमजोर हुँदै जान्छ। लोकतन्त्रमा जे भनिन्छ, त्यस अनुसार व्यवहार पनि हुनु पर्छ। जनताको हितको कुरा गर्ने नेतृत्वले आफ्नो व्यवहारबाट जनताको हित प्रमाणित गर्न सक्नु पर्छ।

नेपालको प्रजातान्त्रिक इतिहास त्याग, सङ्घर्ष, बलिदान र जनताको आशासँग जोडिएको छ। राणा शासनविरुद्धको आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र गणतन्त्र स्थापनासम्म नेपाली जनताले राजनीतिक स्वतन्त्रता र अधिकारका लागि लामो सङ्घर्ष गरेका छन्। विभिन्न ऐतिहासिक आन्दोलनमा धेरै मानिसले ज्यान गुमाए, धेरै घाइते तथा अपाङ्ग भए र अनगन्ती परिवारले दुःख भोगे। यी सङ्घर्ष केवल सरकार परिवर्तन गर्नका लागि मात्र थिएनन्; तिनको गहिरो उद्देश्य स्वतन्त्र, सम्मानित, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्नु पनि थियो। लोकतन्त्रका लागि बलिदान दिने मानिसको सपना सत्तामा केही नयाँ अनुहार पुग्नु मात्र थिएन। उनीहरूले यस्तो राज्यको कल्पना गरेका थिए जहाँ सामान्य नागरिकले पनि न्याय पाओस्, गरिबले सम्मानपूर्वक जीवन बिताउन सकोस्, युवाले आफ्नै देशमा भविष्य देख्न सकून्, महिलाले समान अधिकार प्राप्त गरून् र राज्यका निकाय जनताप्रति जिम्मेवार बनून्।

तर नेपालको प्रजातान्त्रिक अभ्यासमा अनेक विरोधाभास देखिएका छन्। राजनीतिक परिवर्तन भए, संविधान बने, निर्वाचनहरू सम्पन्न भए र सरकारहरू परिवर्तन भइरहे। तथापि सुशासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवाको प्रभावकारिता, रोजगारी, समान अवसर र राज्यप्रतिको विश्वासका क्षेत्रमा जनताका अपेक्षा पूर्ण रूपमा पूरा भएका छैनन्। राजनीतिक दलबिचको अस्वस्थ प्रतिस्पर्धा, सत्ताकेन्द्रित राजनीति, नातावाद, कृपावाद र जवाफदेहिताको कमजोरीले लोकतन्त्रको गुणस्तरमाथि प्रश्न उठाउने आधार दिएका छन्। लोकतन्त्रको नाममा जनताको समर्थन प्राप्त गरेर जनताकै आवाजलाई बेवास्ता गरिन्छ भने त्यो प्रजातान्त्रिक आदर्शसँग मेल खाँदैन। जनताले दिएको मतलाई शासकले आफूले पाएको स्थायी अधिकारका रूपमा बुझ्न थाल्यो भने लोकतन्त्रको मूल भावना कमजोर हुन्छ। निर्वाचनमा जनताबाट अधिकार प्राप्त गर्ने तर शासन सञ्चालन गर्दा जनताप्रति उत्तरदायी नहुने प्रवृत्ति लोकतन्त्रको गम्भीर चुनौती हो।

नागरिक अधिकारको सम्मान

लोकतन्त्रको सबैभन्दा ठुलो खतरा सधैँ बाहिरबाट मात्र आउँदैन; कहिलेकाहीँ लोकतन्त्रको नाममा सत्ता प्राप्त गर्नेहरूकै व्यवहारबाट पनि आउँछ। निर्वाचनबाट सरकार बनेको छ भन्दैमा सरकारका सबै निर्णय प्रजातान्त्रिक हुन्छन् भन्ने छैन। निर्वाचित सरकारले पनि नागरिक अधिकारको सम्मान गर्नु पर्छ, संविधानको पालना गर्नु पर्छ र राज्यका संस्थाको स्वतन्त्रता कायम राख्नु पर्छ।

नेपालमा लोकतन्त्रको अभ्यासमाथि आलोचनात्मक दृष्टि राख्नु लोकतन्त्रविरोधी हुनु होइन। बरु लोकतन्त्रलाई अझ राम्रो, उत्तरदायी र जनमुखी बनाउने प्रयास हो। लोकतन्त्रप्रतिको वास्तविक निष्ठा भनेको सत्तामा बसेकाको प्रत्येक निर्णयलाई समर्थन गर्नु होइन, उनीहरूलाई संविधान, कानुन र जनताप्रति उत्तरदायी बनाउनु हो। लोकतन्त्रको रक्षा गर्न सरकारको समर्थन गर्ने नागरिक मात्र होइन, सरकारका गलत कामको शान्तिपूर्ण र संवैधानिक विरोध गर्ने नागरिक पनि आवश्यक हुन्छन्। नागरिकले आफ्नो अधिकारसँगै कर्तव्य बुझ्नु पर्छ, तथ्यका आधारमा निर्णय गर्नु पर्छ र गलत कार्यलाई आफ्नो दल वा समूहसँग सम्बन्धित भएकै कारण समर्थन गर्नु हुँदैन। राजनीतिक दलमा आन्तरिक लोकतन्त्र, सार्वजनिक संस्थामा पारदर्शिता, न्यायपालिकाको स्वतन्त्रता, सञ्चार माध्यमको निर्भयता, नागरिक समाजको सक्रियता र नागरिकको राजनीतिक चेतना लोकतन्त्रलाई बलियो बनाउने महत्वपूर्ण आधार हुन्।

लोकतन्त्रको सफलता मापन गर्ने एउटा महत्वपूर्ण आधार जनताको जीवनमा आएको परिवर्तन हो। के नागरिकले आफ्नो विचार निर्भयतापूर्वक व्यक्त गर्न सक्छन्? के उनीहरूले निष्पक्ष न्याय पाउँछन्? के सरकारी कार्यालयमा सामान्य काम गराउन अनावश्यक दुःख भोग्नु पर्दैन? के योग्य युवाले अवसर पाउँछन्? के गरिब, महिला, दलित, सीमान्तकृत समुदाय र अल्पसङ्ख्यकले समान सम्मान प्राप्त गर्छन्? के सार्वजनिक स्रोतको उपयोग पारदर्शी र जनहितकारी छ? के जनताले आफ्नो सरकारलाई प्रश्न सोध्न र गलत कामको विरोध गर्न सक्छन्? यस्ता प्रश्नको उत्तरले लोकतन्त्रको वास्तविक अवस्था देखाउँछ। लोकतन्त्रले सबै समस्या तत्काल समाधान गर्छ भन्ने होइन तर लोकतन्त्रले समस्या समाधान गर्न शान्तिपूर्ण बाटो, खुला बहस, जनसहभागिता, उत्तरदायित्व र सत्ता परिवर्तनको अवसर प्रदान गर्नु पर्छ। यही यसको विशिष्ट शक्ति हो। लोकतन्त्रको वास्तविक अर्थ जनताले मत हालेर सरकार बनाउनुमा मात्र सीमित छैन। यसको सार जनताले आफ्नै शासनको अनुभूति गर्नु, स्वतन्त्रतापूर्वक जीवन बिताउनु, कानुनको समान संरक्षण पाउनु र राज्यलाई आफ्नो साझा संस्थाका रूपमा अनुभव गर्नु हो।

नेपालमा लोकतन्त्रका लागि जीवन अर्पण गर्नेहरूलाई साँचो सम्मान गर्ने हो भने उनीहरूको बलिदानलाई औपचारिक समारोह र भाषणमा मात्र सीमित गर्नु हुँदैन। उनीहरूले चाहेको स्वतन्त्रता, न्याय, समानता र समृद्धिलाई जनताको दैनिक जीवनमा अनुभूत हुने गरी कार्यान्वयन गर्नु पर्छ। लोकतन्त्रको नाममा लोकतन्त्रकै मूल्य कमजोर पार्ने प्रवृत्तिलाई सच्याउनु पर्छ। जनताको मतलाई सत्तामा पुग्ने माध्यम मात्र होइन, जनताप्रति उत्तरदायी रहने नैतिक जिम्मेवारीका रूपमा बुझ्नु पर्छ। लोकतन्त्र अँध्यारो होइन, उज्यालो हो। यो दमन होइन, स्वतन्त्रता हो। यो निराशा होइन, आशा हो। यो केही व्यक्तिको स्वार्थ होइन, सबै नागरिकको सम्मान र साझा हितको व्यवस्था हो। लोकतन्त्रको वास्तविक उपलब्धि कति जना नेता सत्तामा पुगे भन्ने होइन, कति जना नागरिकले स्वतन्त्र, सुरक्षित, सम्मानित र सुखी जीवन बिताउन पाए भन्ने हो। त्यसैले नेपालको प्रमुख आवश्यकता लोकतन्त्रको विकल्प खोज्नु मात्र होइन, लोकतन्त्रलाई उसको वास्तविक आदर्श अनुसार अभ्यास गर्नु हो। लोकतन्त्रलाई संविधानका धाराहरू, निर्वाचनका परिणाम र राजनीतिक भाषणबाट निकालेर जनताको जीवनमा पुऱ्याउन सकियो भने मात्र जनताले अनुभूति गर्ने छन्। लोकतन्त्र भनेको साँच्चै आफ्नै शासन हो, आफ्नै स्वतन्त्रता हो र आफ्नै खुसी हो।-गोरखापत्र

पहिलो पृष्ठबाट बाँकी

दसैँ ...

छोरा दक्षिण कोरिया र छोरी डेनमार्कमा छन्। तिलकले नेपालमा आफन्तका रूपमा आफूहरू रहेकाले बेपत्ता मामामाइजूको खोजी र परिवारको जिम्मेवारी समालिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "गाउँघरमा दसैँको रौनक छ तर हामीलाई मामामाइजूको चिन्ताले सताएको छ। उहाँहरू बेपत्ता भएपछि कुनै चाडपर्व मनाउन सकेका छैनौं। सरकारले बेपत्ता भएको परिचयबाहेक अरू केही दिएको छैन। विदेशबाट भाइबहिनी आएपछि दसैँपछि सामाजिक संस्कार अनुसार गर्ने भन्ने सल्लाह भएको छ।"

भोटेकोशी बाढीमा बेपत्ता भएका आफन्तको खोजी र अवस्थाबारे जानकारी पाउने आसमा दाङका धेरै परिवार छन्। जिल्ला प्रशासन कार्यालय दाङका अनुसार बाढीका कारण जिल्लाका ५० जना बेपत्ता छन्। लामो समयसम्म उनीहरूको अवस्था अज्ञात रहेपछि आफन्तले डिएनए परीक्षणका लागि नमुना दिएका छन् तर परीक्षणको नतिजा र आधिकारिक जानकारी नआउँदा परिवार अन्योलमा छन्।

दाङका प्रमुख जिल्ला अधिकारी निश्चलराज पाण्डेका अनुसार केही परिवारले कुशको शव बनाएर सामाजिक संस्कार अनुसार अन्त्येष्टि गरिसकेका छन् तर सरकारले बेपत्ता व्यक्तिलाई मृतक घोषणा नगरेकाले उनीहरूका परिवारले राहत पाउन सकेका छैनन्।

बेपत्ता आफन्तको अवस्था पुष्टि नहुँदा परिवारले शोकलाई औपचारिक रूप दिनसमेत कठिनाइ भोगिरहेका छन्। आफन्त फर्किने आशा त्याग्न नसकेका परिवारले उनीहरूको मृत्यु पुष्टि गर्ने आधिकारिक आधार पनि पाएका छैनन्। दसैँमा घर फर्किने वाचा गरेका आफन्तको प्रतीक्षामा बसेका परिवारका लागि यस वर्षको दसैँ पीडा र अन्योलबिच बितिरहेको छ। अन्य घरमा चाडपर्वको चहलपहल बढिरहेका बेला उनीहरूका घरमा भने बेपत्ता आफन्तको खबर, डिएनए परीक्षणको नतिजा र सरकारी निर्णयको प्रतीक्षा छ।

खेलकुद

मिस नेपाल वर्ल्ड दीपमाला नेपालगन्जमा दौडिने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २९ असोज

मिस नेपाल वर्ल्ड २०२६ दीपमाला ढकाल यही मंसिर १२ गते शनिवार नेपालगन्जमा दौडिने भएकी छिन्।

धारा नेपालगन्ज म्याराथनको १२औं संस्करणमा परोपकारी कार्यका लागि आर्थिक सहयोग जुटाउन उनी दौडिन लागेकी हुन्। तेक्वान्दोकी ब्ल्याकबेल्ट उनी स्वयं म्याराथन धाविका समेत हुन्। विश्व प्रतिष्ठित स्ट्यान्डर्ड चाटर्ड हङकङ म्याराथनको अनुभव उनीसँग छ। नेपालगन्ज म्याराथनमा कति किलोमिटर दौडिने बिषयमा भने उनले चाँडै जानकारी गराउने बताएकी छिन्। नेपालका कुनै पनि म्याराथनमा मिस नेपाल दौडिन लागेको यो सम्भवतः पहिलोपटक हो। यद्यपी विद्यार्थी, युवा र समाजलाई प्रेरित गर्न मिस नेपाल हरेक वर्ष नेपालगन्ज म्याराथनमा आमन्त्रित हुने गरेका छन्। स्वस्थ समाज निर्माण गर्ने जागरण अभियानमा नेपालगन्ज म्याराथन र द हिडेन ट्रेजरबीच मिस नेपाल वर्ल्ड स्वतः नेपालगन्ज म्याराथनको सदभावना दुत हुने समझदारी छ। गत वर्ष पनि मिस नेपाल वर्ल्ड २०२५ लुना लुँइटेल र मिस नेपाल वर्ल्ड २०२३ श्रृच्छा प्रधानले अनौपचारिक रूपमा पाँच किलोमिटर दौड पुरा गरेका थिए। यसवर्ष स्वयं मिस नेपाल वर्ल्ड दीपमालाले परोपकारी कार्यका लागि आर्थिक सहयोग जुटाउन दौडिन तयार भएकी हुन्। परोपकारी कार्यका लागि दौडिने विश्वव्यापी प्रचलन रहेको छ। संसारका प्रतिष्ठित म्याराथनहरूमा विभिन्न एनजिओ, कर्पोरेट घरानाहरूले च्यारिटीका लागि दौडिदै ठुलो रकम जुटाउने, धावकलाई सघाउने र सम्बन्धित क्षेत्रमा सेवा प्रदान गर्ने गर्दछन्। मिस नेपाल वर्ल्ड दीपमाला भने क्यान्सर पिडितका लागि सहयोग गर्न र जलवायु सचेतनाका लागि दौडिनेछिन्।

स्थानीय बीपी चोकबाट सुरु हुने म्याराथनअन्तर्गत ४२ किलोमिटर पुरुष खुल्ला, २१ किलोमिटर महिला खुल्ला, १० किलोमिटर पुरुष खुल्ला, १० किलोमिटर महिला खुल्ला, ५ किमी पुरुष खुल्ला, ५ किमी महिला खुल्ला, ५ किमी स्कुल स्तरीय छात्र छात्रा दौड, ३ किमी कर्पोरेट रन, ३ किमी किड्स रन, ३ किमी ह्वीलचेयर रन, २ किमी फेमिली रन र ३ किमी रन फर अल गरेर १२ विधा समावेश गरिएको छ।

म्याराथन(४२किमी)पुरुष खुल्ला भएपनि महिलाले आफ्नो व्यक्तिगत समयका लागि दौड्न चाहेमा विद्युतीय चिप्स उपलब्ध गराइने छ। त्यसैगरी महिला हाफ म्याराथन(२१किमी) महिलाका लागि भएतापनि पुरुष धावकले समय सुधारका लागि दौड्ने चाहेमा विद्युतीय चिप्स प्रधान गरिने व्यवस्था मिलाइएको रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङले जानकारी दिए। ४२ किमीतर्फ विभिन्न उमेर समुहमा वरियताक्रम निकालिने समेत उनले जानकारी दिए। यसमा ४० देखि ५०वर्ष, ५० देखि ६० वर्ष उमेर समुह, ६० देखि ७० वर्ष उमेर समुहलाई पहिलो, दोस्रो र तेस्रो वरियता प्रदान गरेर प्रोत्साहन गरिनेछ। एबोट वर्ल्ड म्याराथन मेजरसँगको सहकार्यमा उमेर समुहको धावकलाई विश्वव्यापी वरियतामा समेत समावेश गरिदै आएको छ, यसपटक पनि गरिनेछ। साथै उमेर समुहको वर्ल्ड च्याम्पियनसीपमा सहभागितामा सहजीकरण गरिनेछ। त्यसैगरी विभिन्न विधाका शीर्ष धावकहरूलाई मेजर म्याराथन लगायत वर्ल्ड एथ्लेटिक्सको प्लेटिनम, गोल्ड, इलाईट र लेवल रेसहरूमा सहभागिताको अवसर प्रदान गरिने आयोजकले जनाएको छ। अनलाईन दर्ता खुल्ला गरिसकिएको दर्ता संयोजक गगन थापाले जानकारी दिए। यसका लागि नेपालगन्ज म्याराथनको वेवसाइटमा जानुपर्ने उनले बताए। गत जुनमा नर्वेको ट्रम्सोमा नेपालगन्ज म्याराथनलाई संसारभरका रेसहरूमध्येबाट एम्स सोसल अवार्ड प्रदान गरिएको थियो।

नेपालगन्ज म्याराथन २०१५ देखि अभिछिन्न रूपमा सन्चालन हुँदै आएको दौड हो। कोभिडकालमा समेत नेपाल सरकारको प्रोटोकल कायम राख्दै टोकियो ओलम्पिकका लागि खेलाडी छनोट गर्ने काम नेपालगन्ज म्याराथनले गरेको थियो। एघार बर्षे सशत्र द्धन्द्ध विधिवत अन्त्य गर्ने विस्तृत शान्ति सम्झौता गरिएको ५ मंसिर २०६३ को स्मरणमा २०७२ सालदेखि नेपालगन्जले म्याराथन यात्रा सुरु गरेको हो। बहुल जाति, धर्म र सम्प्रदायको बसोबास रहेको नेपालगन्जलाई शान्ति, सदभाव र एकताको मालामा गाँस्ने प्रभावशाली माध्यमका रूपमा म्याराथन विधालाई लिएर सुरु गरिएको नेपालगन्ज म्याराथनसँग अहिले करिब एक दर्जन भगिनी इभेन्ट सन्चालनमा छन्।

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
नेपालगन्ज टेक्निकल कलेज *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
आइडियल पब्लिक सेकेन्डरी स्कुल *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
मंगल प्रसाद महिला कलेज *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण बचतकर्ता, सेयर सदस्य, कर्मचारी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
संगिता राई
अध्यक्ष
नमुना बहुउद्धेश्यीय सहकारी संस्था लि *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय *परिवार*
खजुरा, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण व्यवसायी, कर्मचारीलगायत देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
नेपालगन्ज सुन चाँदी व्यवसायी संघ *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
श्री जनता माध्यमिक विद्यालय *परिवार*
खजुरा-२, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण व्यवसायी, कर्मचारी लगायत देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
ई-रिक्सा व्यवसायी संघ *परिवार*
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व २०८३ को अवसरमा हाम्रा बचतकर्ता, सेयर सदस्य, कर्मचारी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछौं ।

नागरीक बचत तथा ऋण सहकारी संस्था लि. एवम् परिवार
नेपालगन्ज, (बाँके)

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण खेलाडी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

सिटी ई. गेमिङ् क्लब परिवार
होटल सिटी प्यालेस, नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व २०८३ को अवसरमा हाम्रा बचतकर्ता, सेयर सदस्य, कर्मचारी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछौं ।

नमुना बचत तथा ऋण सहकारी संस्था लि. एवम् परिवार
नेपालगन्ज, (बाँके)

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण खेलाडी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

हेप्पी ह्वार गेमिङ् क्लब परिवार
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व २०८३ को अवसरमा हाम्रा पाहुनावर्ग,शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

होटल डायमण्ड प्यालेस
नेपालगन्ज, बाँके

विजया दशमी, तिहार तथा छठ पर्व
२०८३ को अवसरमा हाम्रा सम्पूर्ण खेलाडी, शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

एस.एन. ब्लु गेमिङ् क्लब
नेपालगन्ज, बाँके

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११५८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।